लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

पत्र संख्या: २०८३/८४
च.नं.:

फोन नं.: ०८१५३००२७
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

सूचना नं: ०३/०८३/८४

कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति: २०८३।०७।१८ गते)

कार्यालयको आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८३"** मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कार्यक्रम अनुसारका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति२०८३/०८/०८ गते कार्यालय समयभित्र) तपशिलका आवश्यक कागजातहरु सहित खामबन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढांचा, प्रस्तावको अनुसूचि २४ र कार्यविधि सम्बन्धि विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराइन्छ ।

२०८३/०७/१८
कार्यालय प्रमुख
कृषि विकास निर्देशक (वाँके)

तपशिल

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
१	वीउ आत्मनिर्भर कार्यक्रम	• उत्पादन सामाग्री : स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, सुक्ष्म तत्व खरिद, • प्याकेजिङ सामाग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद, भण्डारण सामाग्री तथा बजारीकरण सहयोग ।	• वीउ उत्पादक संस्था (फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी) सहभागी हुन सक्ने। • बीउ बिजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने। • दलहन/तेलहनबालीको वीउ उत्पादनलाई प्राथमिकता दिइने । बीज वृद्धि / क्षेत्रफल (कट्ठा) खाद्यान्न बाली बीउ / १५० दलहन/तेलहन बीउ / २० आलु बीउ पि.वि.एस / ५०० दाना आलु बीउ (अन्य स्तर) / २०	मूल/प्रजनन बीउ र सामाग्रीको हकमा तपसिलमा उल्लिखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ। आलु (पि.वि.एस प्रति १०० दाना) बाट बीउ उत्पादनमा रु २५००/- खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी रु १५००/- अनुदान दिइने ।
२	कृषि फर्ममा आधुनिक सिंचाई सहयोग कार्यक्रम	• थोपा सिंचाइ,स्प्रिङ्कलर सिंचाइ,मिस्ट,फोगर आदि जडान तथा सोसँग सम्बन्धित उपकरण सामाग्री खरिद	• फर्म/कम्पनी सहभागी हुन सक्ने, • न्यूनतम ५ कठ्ठामा खेती गरेको हुनुपर्ने ।	विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान ।

"समृद्ध लुम्बिनी; आत्मनिर्भर प्रदेश"

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

पत्र संख्याः २०८३/८४
च.नं.:

फोन नं.: ०८१५३००२७
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
३	बगैंचा सुदृढीकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रम	बगैंचाको सुदृढीकरण तथा प्रविधि हस्तान्तरणका लागि तपसिलका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेः • आवश्यक औजार/उपकरण खरिद तथा प्रयोग प्रदर्शन। • थोपा सिंचाइ/स्प्रिंकलर सिंचाइ/मल्चिङ/Hail Net लगायतका प्रविधि प्रदर्शन। • पासो, मोहिनी पासो र ल्यूर, विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद। • स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरण। • बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका क्रियाकलापहरू।	• एउटै किसिमको फलफूल कम्तीमा २५ बोट भएको बगैंचा हुनुपर्ने।	प्रति बगैंचा अधिकतम रु. पच्चीस हजार खर्च गर्न सक्ने। • स्थलगत प्राविधिक तालिम तथा अभिमुखीकरणमा प्रति कार्यक्रम अधिकतम रु. पाँच हजारसम्म खर्च गर्न सकिने।
४	यूवा लक्षित कृषि उत्पादन/उद्यम शीलता कार्यक्रम	• प्रस्ताव आव्हानको सूचना • संक्षिप्त सूचिको प्रकाशन • प्रस्ततुतीकरण • मूल्याकन तथा छनौट कृषि मूल्य श्रखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्द्धन योजना र कृषिसंग सम्बन्धित सीपको उपयोग योजना।	• १८ वर्ष देखी ३५ वर्षका यूवा सहभागी हुन सक्ने। • कृषि मूल्य श्रूखला विकास/ नवप्रवर्द्धन योजना/ कृषिसंग सम्बन्धित सीप उपयोग सम्बन्धि प्रस्ताव कार्यालयमा पेश गर्नु पर्ने।	प्रति अनुदानग्राही रु १ लाख नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग।

०६/१८
विनोद थिमिरे
प्रमुख
कार्यालय
कृषि-कर्म (दर्शन रहे)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बाँके

पत्र संख्या: २०८३/८४
च.नं.:

फोन नं.: ०८१५३००२७
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
५	रैथानेवाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम।	खाद्यान्न,दलहन,तेलहन,फल फूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका वाली तथा वस्तुको उत्पादन, संकलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका समाग्री तथा उपकरण (सिंचाई,मोटर, पम्पसेट,मिनिटिलर र पावर टिलर बाहेक)	• उत्पादन/संकलन/प्रशोधन/बजारीकरण लगाएतका मुल्य श्रंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समुह/ कृषि सहकारी हुनु पर्ने। • उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनौट गरी कार्यक्रम संचालन गर्नु पर्ने। • स्थानीय तहसंग समन्वय गरी कार्यक्रम संचालन गर्न सकिने।	• उत्पादन समाग्रीको हकमा ७५ प्रतिशत र उत्पादन, प्रशोधन तथा बजारीकरण यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान। • प्रति अनुदानग्राही रु ५० हजार नबढ्ने गरी कार्यक्रम संचालन गर्ने।
६	स्कुल हर्टीकल्चर कार्यक्रम	• कार्यालयले छनौट भएको विद्यालयमा तपशिलका क्रियाकलापहरु संचालन गर्न सकिने। • अभिमुखिकरण/तालिम/ जनचेतना अभिबृद्धि • विद्यार्थीलाई श्रमसंग जोड्ने कृयाकलापहरु जस्तै प्राङ्गारिक मल प्रद्धशनी, तरकरी खेती, प्रदर्शन, प्लाष्टिक गुमोज विरुवा रोपन, बगैचा स्थापना, च्याउ आदीसंग सम्बन्धित उत्पादन समाग्री र उपकरणहरु, विद्यालयले संचालित कार्यक्रमको उपलब्धिमूलक प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्ने।	कम्तीमा १० कक्षा सम्म अध्यापन गराउने उपयुक्त सरकारी विद्यालय हुनु पर्ने।	प्रति विद्यालय अधिकतम रु एक लाखसम्म खर्च गर्न सकिने।

डा. विनोद विमर
कार्यालय प्रमुख

"समृद्ध लुम्बिनी; आत्मनिर्भर प्रदेश"

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

पत्र संख्या: २०८३/८४
च.नं.:

फोन नं.: ०८१५३००२७
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

क्र. सं	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	अनुदानको सिमा
७	लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम	बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलापमा सहयोगः •साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि), • तालिम तथा सचेतना।	कार्यालयले उपयुक्त स्थान छनोट गरी लक्षित समुदायको मागको आधारमा कार्यक्रम सञ्चालन गर्न सकिने। क्रियाकलाप पहिचान गर्नुपर्ने, • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्तकमैया/कम्लहरी/भूमिहीन/मुसहर/चिडिमार/पासि/मंगता/नटुवा/गडरिया/वादी/बोटे/माझी/किङ्गरिया/कुचबन्धिया/खुना/कुमाल/सोनहा/दलित/राजी/चमार/डोम/महिला/जनजाति/मधेसी समुदाय/शहिद तथा बेपत्ता परिवार/घाइते तथा अपाङ्ग परिवार लगायत सीमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने, • लक्षित समुदायमा कम्तीमा १५ घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने।	कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। प्रति परिवार अधिकतम रु. १० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।
८	पकेट क्षेत्र विशेष स्वस्थ कृषि उत्पादन कार्यक्रम	प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ, लेबलिङ, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने। • क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार, प्रदर्शनी। • भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, प्रदर्शन, जैविक विषादी, पासोहरू आदि उपलब्ध गराउने।	कार्यालयले उपयुक्त स्थान छनोट गर्ने। •कृषक/फर्म/कृषकसमूह/कृषि सहकारी/समिति/सञ्जालको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
सूचना अधिकारी (दशौं तह)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र

पत्र संख्याः २०८३/८४
च.नं.:

फोन नं.: ०८१५३००२७
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

आवश्यक कागजातहरू:

१. प्रस्तावकको निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको)
२. अनुसूचि २४ अनुसारको व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव
३. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
४. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
५. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

पुनश्चः प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिनमा प्रस्ताव पेश गर्नुपर्ने छ, साथै कार्यविधिमा संशोधन भई आएमा सोही अनुसार हुने बेहोरा अनुरोध छ।

थप जानकारीका लागि
कार्यालयको फोन नं.: ०८१—५३००२७ वा कार्यालयको वेबसाइटः https://akcbanke.lumbini.gov.np वा सूचना अधिकारीको सम्पर्क नं.: ९८५८०७०२२५

०८/१८
डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दर्शी तह)

"समृद्ध लुम्बिनी; आत्मनिर्भर प्रदेश"

Scanned with CamScanner